LI-BIRD
Local Initiatives for Biodiversity, Research and Development (LI-BIRD)

# जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)

## स्थानीय स्रोत व्यक्ति आवश्यकता सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१६**

जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड), पोखराद्वारा सिरहा, धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लाका विभिन्न स्थानीय तहमा RAIN (Resilience, Adaptation and Inclusion in Nepal) परियोजना सञ्चालन भइरहेको छ। उक्त परियोजनाअन्तर्गत समुदायस्तरमा परियोजनाका गतिविधिहरूको सहजीकरण, समन्वय, अनुगमन तथा प्राविधिक सहयोगका लागि सम्बन्धित कार्यक्षेत्रका स्थानीय स्रोत व्यक्ति (Local Resource Person – LRP) आवश्यक भएकाले योग्य तथा इच्छुक उम्मेदवारहरूबाट आवेदन आह्वान गरिएको छ।

**पद :** स्थानीय स्रोत व्यक्ति

परियोजनाको कार्यक्षेत्र अन्तर्गत निम्न स्थानहरू रहेका छन :

| **कार्यक्षेत्र** | **आबश्यक संख्या** |
|---|---|
| सिरहा नगरपालिकाको वडा नं.४ र ६ | १ (एक जना) |
| कमला नगरपालिकाको वडा नं.४ र ८ | १ (एक जना) |
| लोहारपट्टी नगरपालिकाको वडा नं.३, र बलवा नगरपालिकको वडा नं.४ र ६ | १ (एक जना) |
| कौडेना नगरपालिकाको वडा नं. १, कविलासी नगरपालिकाको वडा नं. ३ र बरहथवा नगरपालिकाको वडा नं. ३ र १५ | १ (एक जना) |
| राजदेवी नगरपालिकाको वडा नं. ८ | १ (एक जना) |
| **जम्मा आबश्यक संख्या** | **५ (पाँच जना)** |

उक्त कार्यक्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने, सम्बन्धित पदका लागि आवश्यक योग्यता तथा अनुभव भएका र परियोजनासँग सम्बन्धित कार्यमा संलग्न हुन इच्छुक योग्य उम्मेदवारहरूले आफ्नो निवेदन तथा आवश्यक कागजातहरू सहित मिति २०८३/०५/२२ गतेभित्र तोकिएको ठेगानामा आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

**संक्षिप्त कार्य विवरण :**

स्थानीय स्रोत व्यक्तिले सम्बन्धित कार्यक्षेत्रमा परियोजनाका गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन, सहजीकरण, समन्वय, अनुगमन तथा अभिलेखीकरण गर्नुपर्नेछ। मुख्य कार्यहरू देहायबमोजिम रहेका छन्:

- उपभोक्ता समिति, विपद व्यवस्थापन समिति तथा कृषक समूहहरूको नियमित बैठक सञ्चालन गर्न सहजीकरण गर्ने र बैठकका छलफल तथा निर्णयहरू व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने।
- वार्षिक कार्यक्रमअनुसार लाभान्वित घरधुरी तथा सहभागी कृषक/उपभोक्ताको पहिचान र छनोट प्रक्रियामा सहजीकरण गर्ने तथा आवश्यक प्राविधिक र परामर्श सेवा उपलब्ध गराउने।

- प्रकृतिमा आधारित समाधान (NbS), सुरक्षित आश्रयस्थल तथा अन्य परियोजना गतिविधिका लागि गठन भएका समिति तथा समूहहरूलाई नियमित रूपमा परिचालन गर्ने, आवश्यक प्राविधिक तथा परामर्श सहयोग उपलब्ध गराउने।
- स्वीकृत वार्षिक कार्यक्रमअनुसार कृषिजन्य तथा अन्य आवश्यक सामग्री वितरणमा सहजीकरण गर्ने, लाभग्राहीलाई सामग्रीको प्रयोगसम्बन्धी जानकारी दिने तथा वितरण, भरपाई र अभिलेख व्यवस्थित राख्ने।
- वितरण गरिएका सामग्री तथा परियोजनाबाट सञ्चालित गतिविधिहरूको नियमित अनुगमन गर्ने, समस्या तथा चुनौती पहिचान र अभिलेखीकरण गर्ने तथा सम्बन्धित कर्मचारीसँग समन्वय गरी समाधानका लागि सहजीकरण गर्ने।
- कार्यक्षेत्रमा सञ्चालन भएका कार्यक्रम तथा गतिविधिहरूको प्रगति विवरण तोकिएको ढाँचामा अद्यावधिक राख्ने र मासिक प्रगति प्रतिवेदन निर्धारित समयभित्र पेश गर्ने।
- सम्बन्धित नगरपालिका तथा वडा कार्यालयसँग नियमित समन्वय गरी परियोजनाका गतिविधि सञ्चालन गर्ने तथा कार्यक्रमको प्रगति र आवश्यक जानकारी उपलब्ध गराउने।
- ली-बर्डका कर्मचारी, रेन परियोजनासँग सम्बन्धित साझेदार संस्था, उपभोक्ता समिति, विपद् व्यवस्थापन समिति, कृषक समूह तथा समुदायका सदस्यहरूसँग प्रभावकारी समन्वय तथा सुमधुर सम्बन्ध कायम गर्ने।
- समुदायमा परियोजना कार्यान्वयनका क्रममा उत्पन्न हुन सक्ने विवाद तथा समस्याको समाधानका लागि पहल गर्ने र आफ्नो तहबाट समाधान हुन नसकेमा समयमै सम्बन्धित ली-बर्ड कर्मचारीलाई जानकारी गराउने।
- ली-बर्डका प्राविधिक कर्मचारी, अनुकूलन अधिकृत, प्रादेशिक अनुकूलन संयोजक तथा सम्बन्धित सुपरभाइजरबाट तोकिएका परियोजना तथा कार्यालयसम्बन्धी अन्य कार्यहरू जिम्मेवारीपूर्वक सम्पादन गर्ने।

**आवश्यक शैक्षिक योग्यता तथा अन्य विवरण**

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) वा सम्बन्धन प्राप्त प्राविधिक शिक्षालयबाट कृषि जे.टी.ए. (JTA) तह उत्तीर्ण गरेको हुनुपर्ने।
- कृषि जे.टी.ए. वा स्थानीय स्रोत व्यक्ति (LRP) को रूपमा कम्तीमा १ वर्ष कार्य अनुभव भएको हुनुपर्ने।
- सामाजिक परिचालन तथा समूह/सहकारी सञ्चालनसम्बन्धी आधारभूत ज्ञान र अनुभव भएको हुनुपर्ने।
- कृषक तथा उपभोक्ता समूहस्तरमा तालिम, अभिमुखीकरण तथा छलफल सञ्चालन गर्न सक्ने क्षमता भएको हुनुपर्ने।
- नेपाली भाषा राम्रोसँग बोल्न तथा लेख्न सक्ने र सामान्य अंग्रेजी ज्ञान भएकोलाई प्राथमिकता दिइनेछ।
- स्थानीय तह, वडा कार्यालय तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय गर्न सक्ने क्षमता भएको हुनुपर्ने।
- २० देखि ४० वर्ष उमेर समूहभित्रको हुनुपर्ने।
- सम्बन्धित कार्य क्षेत्र/वडाभित्र बसोबास गर्ने उम्मेदवारलाई प्राथमिकता दिइनेछ।
- महिला, दलित, जनजाति तथा अल्पसंख्यक समुदायका अनुभवी तथा योग्य स्थानीय उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ।

Estd. 1995 A.D LI-BIRD Head Office, Pokhara, Nepal

**आवश्यक कागजातहरू**

- निवेदन
- व्यक्तिगत विवरण (CV)
- शैक्षिक योग्यता तथा कार्य अनुभवका प्रमाणपत्रहरूको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति

**परीक्षाको किसिम :** लिखित परीक्षा तथा अन्तर्वार्ता

**सम्झौताको प्रकार:** दैनिक ज्यालादारी/कार्यसम्पादनमा आधारित। काम गरेको दिन तथा कार्यसम्पादनका आधारमा भुक्तानी गरिनेछ।

**सेवा/सुविधा :** संस्थाको नियमानुसार

- **निवेदन पेश गर्ने ठेगाना :** **अ**नलाईनमा https://bit.ly/LSP-RAIN मा गएर फारम भरेर पठाउनु पर्नेछ । कारणवश पठाउन असमर्थ भएमा इमेल मार्फत आवेदन पेश गर्नका लाग निवेदन तथा कागजपत्रहरु mithlesh.sutihar@libird.org मा इमेलको subject मा: "Application for Local Resource Person (LRP) - RAIN Project" वा " स्थानीय स्रोत व्यक्ति (RAIN)" लेखेर पठाउन सक्नुहुने छ । निवेदन पेश गर्ने अन्तमि मिति : २०८३ /०५ /२२

**पुनश्च :** योग्यता पुगेका र रितपूर्वक आएका निवेदकहरूलाई मात्र लिखित परीक्षा तथा अन्तवार्तामा समावेश गरिने छ ।

Estd. 1995 A.D LI-BIRD Head Office, Pokhara, Nepal